१८४८/४९

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल

**आदेश**

मु.नं. १७७/०७३/७४

निर्णय नं. ४९

जिल्ला कैलाली, दोदोधरा गा. वि. स.-५ घर भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न. पा.-४ निबासी पुकार बम ....................................................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख/सूचना अधिकारी, काठमाडौं महानगरपालिका वडा नं. २७ को कार्यालय ........१ } विपक्षी

विषय :- **माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला कैलाली, दोदोधरा गा. वि. स.-५ घर भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न. पा.-४ निबासी पुकार बमले काठमाडौं महानगरपालिका वडा नं. २७ को कार्यालय समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०६।१४ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई १५ (पन्ध्र) दिन भित्र उपलब्ध गराउनू भनी काठमाडौं महानगरपालिका वडा नं. २७ को कार्यालयको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. काठमाडौं महानगरपालिका वडा नं. २७ को कार्यालय मार्फत अहिलेसम्म भूकम्प प्रभावित कति घरहरु, ऐतिहासिक सम्पदा, मठमन्दिर, सरकारी भवन, विद्यालय र स्वास्थ्य केन्द्रहरुको सर्वेक्षण गरियो र कति बाँकी छ ? सोको सम्पूर्ण विवरण ।

२. काठमाडौं महानगरपालिका वडा नं. २७ को कार्यालयमा भूकम्पबाट क्षति हुन गएको निजी घरहरु, ऐतिहासिक सम्पदा, मठमन्दिर, सरकारी भवन, विद्यालय र स्वास्थ्य केन्द्रहरुको पुननिर्माण गर्ने समयसीमा र योजनाको विवरण ।

३. २०६८ वैशाखदेखि २०६९ वैशाखसम्म काठमाडौं महानगरपालिका वडा नं. २७ को कार्यालयमा नेपाल सरकारबाट बिनियोजित रकम/बजेटको विवरण ।

४. २०६८ वैशाखदेखि २०६९ वैशाखसम्म काठमाडौं महानगरपालिका वडा नं. २७ को कार्यालय मार्फत गरिएको विभिन्न बिकास निर्माणका साथै सम्पूर्ण कार्यक्रमहरुको विवरण ।

५. २०६८ वैशाखदेखि २०६९ वैशाखसम्म काठमाडौं महानगरपालिका वडा नं. २७ को कार्यालयले गरेको आम्दानी र खर्चको विवरण ।

६. २०६८ वैशाखदेखि २०६९ वैशाखसम्म काठमाडौं महानगरपालिका वडा नं. २७ को कार्यालयमा कतिवटा नागरिक भेलाहरु भए ? ती भेला कुन कुन मुद्दामा केन्द्रित रहे र ती हरेक भेलाको निर्णय प्रक्रिया कस्तो थियो ? निर्णयको प्रतिलिपि सहित पूर्ण विवरण ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल कार्तिक १ गते रोज २ शुभम् ।